बैठक संख्याः १४

आज मिति २०८२।०७।४ का दिन सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यूको अध्यक्षतामा बसेको बैठकमा निम्न अनुसार उपस्थितिमा निम्न अनुसार निर्णय गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १.श्री पूर्ण प्रसाद धिताल | गाउँपालिका अध्यक्ष |
| २.श्री सितली रोकाया | गाउँपालिका उपाध्यक्ष |
| ३.श्री हरिनन्द आचार्य | अध्यक्ष वडा नं १ |
| ४.श्री तिर्थ वड | अध्यक्ष वडा नं २ |
| ५.श्री सुरथ बहादुर रावत | अध्यक्ष वडा नं ३ |
| ६.श्री रन्जित बुढा | अध्यक्ष वडा नं ४ |
| ७.श्री कृष्ण बहादुर रोकाया | अध्यक्ष वडा नं ५ |
| ८.श्री लाल बहादुर बुढा | अध्यक्ष वडा नं ६ |
| ९.श्री राजपुरा दमाई | कार्यपालिका सदस्य |
| १०.श्री रुपकेउडा बिष्ट | कार्यपालिका सदस्य |
| ११.श्री दन्ता कामी | कार्यउपालिका सदस्य |
| १२.श्री मागी वड | कार्यपालिका सदस्य |
| १३.श्री हरिचन्द्र सार्की | कार्यपालिका सदस्य |
| १४.श्री मोती दमाई | कार्यपालिका सदस्य |
| १५.श्री शंकर धिताल | नि.प्रमुख प्रशासकिय अधिकृत |

## प्रस्तावहरु

प्रस्ताव नं १, प्रदेश समपुरक आयोजना छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २, क्लब दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ३, संघिय शिक्षण सिकाई अनुदान सम्बन्धमा ।

प्रस्ताव नं ४, राष्ट्रिय परिचयपत्र बितरणकालागी आबश्यक ईन्भटर गरिद गर्ने सम्बन्धमा।

प्रस्ताव नं ५,गाँउपालिकको आयोजनाको जनश्रमदान सम्बन्धमा।

प्रस्ताब नं ६, सवारी साधन खरीद गर्ने सम्बन्धमा।

प्रस्तावँ नं ७, प्रदेश र संघका आयोजना सम्बन्धमा।

प्रस्ताव नं ८, सरल कृषि कर्जा अन्तरगत ब्याज अनुदान कार्यबिधि सम्बन्धमा।

प्रस्ताव नं ९, मेड्पा कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं १०, उद्योग बिकास शाखामा बिनियोजित बजेट सम्बन्धमा।

प्रस्ताव नं ११, लैङ्गीक हिंसा बिरुद्ध १६ दिने अभियान सम्बन्धमा।

प्रस्ताव नं १२, कर्मचारीको काज फिर्ता सम्बन्धमा।

प्रस्ताव नं १३,डोजर तथा ट्याक्टर रकम भुक्तानि सम्बन्धमा।

प्रस्ताव नं १४ डोजर चालक र सह चालकको पारिश्रमिक सम्बन्धमा।

प्रस्ताब नं १५, बिबिध सम्बन्धमा।

निर्णयहरुः

नि.नं १ प्रस्ताव नं १ माथी ब्यापक छलफल गर्दा सिंजा गाउपालिकाकोलागी आबश्यक आयोजनाकालागि आबश्यक पर्ने तपशिल बमोजिमका आयोजना छनौट गर्ने निर्णय सर्ब सहमतिले पारीत गरियो।

तपशिल

| क्र.सं | वडाहरु | आयोजनाको नाम |
|---|---|---|
| १ | वडा नं १ | धाँपा खोला फिल्ड आर्क ब्रिज |
| २ | वडा नं २ | घोडेङ्गा देखि कालिकोट जोड्ने सडक, चङ्खु चाँगा खेल मैदान |
| ३ | वडा नं ३ | मोफ्ला जाने गोरुतन्ना फिल्ड आर्क ब्रिज |
| ४ | वडा नं ४ | चणिपानी देखि धुम खेल मैदान सम्म सिंचाई |
| ५ | वडा नं ५ | खेल मैदान |
| ६ | वडा नं ६ | वडा कार्यालय देखि छेणा सम्म सडक,५र ६ जोड्ने घोणेकोट फिल्ड आर्क ब्रिज |

नि.नं २ प्रस्ताव नं २ माथि ब्यापक छलफल गर्दा सिंजा गाँउपालिकाको वडा नं ३ फार्सेबाडामा सृजनसिल युवा क्लब दर्ता गर्ने निर्णय पारीत गरियो ।

नि.नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा सिंजा गाँउपालिकाको आधारभुत तह कक्षा(६-८) को संघिय शिक्षण सिकाई अनुदान निकासा नभएकाले माद्यामिक तहको अंग्रजि, गणित, बिज्ञान शिक्षण सिकाई अनुदान (९-१०) रकम बाट आधारभुत तह कक्षा(६-८) लाई तलब निकासा गर्ने निर्णय पारीत गरियो ।

नि.नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा सिंजा गाउँपालिकामा रहेको राष्ट्रिय परीचयपत्र तथा पञ्जिकरण शाखाकालागी आबश्यक पर्ने तपशिल बमोजिमका सामान खरिदका लागि आबश्यक रकम रु १३०००० अक्षेररुपि एकलाख तिस हजार मात्र बिल अनुसार भुक्तानि दिने निर्णय सर्ब सहमतिले पारीत गरियो ।

तपशिल

१ Solar Pannel

२ ईन्भरटर

३ Battery

नि.नं ५प्रस्ताव नं ५ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको बाट सञ्चालित हुने सम्पुर्ण आयोजनामा आयोजनाको प्रकृती हेरी १० देखि १५ प्रतिसत श्रमदान कायम गर्ने निर्णय गरियो ।

नि.नं ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा  सिंजा गाउपालिको सवारी साधन ब्यबस्थापन सम्बन्धि यस अघि गरिएका निर्णय कार्यान्वयनकालागि निर्देसन दिई यस कार्यालयमा कार्यरत ईन्जिनिएरका साथै अन्य सवारी साधन नभएका कर्मचारी लाई सवारी साधन ब्यबस्थापन गर्ने यदि ब्याबस्थापन नभए आबश्यक कर्मचारीलाई आबश्यक पर्ने सवारी साधन खरिद गर्ने निर्णय सर्ब सहमतिले  पारीत गरियो ।

नि.नं ७ प्रस्ताव नं ७ माथि ब्यापक छलफल गर्दा यस गाउँ पालिकामा बजेट बिनियोजन भई संघ र प्रदेबाट आयका योजनाहरु कानुन बमोजिम E-Bid मार्फत ठेक्का आब्व्हान गर्ने निर्णय सर्ब सहमतिले पारित गरियो ।

नि.नं ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा राष्ट्रिय बाणिज् बैक र सिंजा गाउँपालिकाको सहकार्यमा सरल कृषि कर्जा ब्याज अनुदान कार्यविधि २०८२ पारीत गर्न निर्णय सर्ब सहमतिले पारीत गरियो ।

प्रस्ताव नं ९ मा छलफल गर्दा यस सिंजा गाउँपालिकामा नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त ससर्त अनुदान अन्तर्गतको नयाँ लघु उद्यमी सृजना कार्यक्रमबाट सिंजा गा.पा. ३ मा परम्परागत सिपमा आधारीत काष्ठकला सम्बन्धि १० जनालाई  उद्यमि सृजना गर्ने र १० जनाको लघु उद्यमी समुह गठन गरि सम्भाब्य उत्पादकत्व र बजार प्रतिस्पेरधा बृदि गर्नलाई  समुहमा प्रबिधि हस्तान्तरण कार्यक्रमबाट काष्ठकलाका सामाग्री उत्पादन गर्न आबश्यक पर्ने प्रबिधि हस्तान्तरण गर्ने साथै उद्यमीहरुको स्तरउन्ती कार्यक्रमबाट गत अघिल्लो बर्ष सिंजा गापा वडा नं ५ मा स्याउ खेतिकालागि जैबिक बिषादि सम्बन्धि तालिम लगेका १० जनालाई थप Advance सिप बिकास तालिम दिने साथै वडा नं ४ मा मागमा आधारीत सिप बिकास तालिम सञ्चालन गर्ने निर्णय सर्बसहमतिले पारीत गरियो ।

प्रस्ताव नं १० मा छलफल गर्दा यसै आ.ब.२०८२/०८३ मा उद्योग बिकास शाखामा बिनियोजित बजेट बाट वडा नं ६ का महिलाई सिलाई कटाई सम्बन्धि सिप बिकास तालिम गर्ने निर्णय गरियो।

प्रस्ताव नं ११ लैङ्गीक हिंसा बिरुद्ध १६ दिने अभियान यहि मिति २०८२ मंसिर ९ गते देखि मंसिर २४ सम्म साझेदारी संघ संघ सस्था सँग समन्वय गरेर वडा नं १ देखि ६ सम्म भब्यताकासाथ मनाउने निर्णय गरियो।

प्रस्ताव नं १२ प्रस्ताव नं १२ माथि ब्यापक छलफल गर्दा यस गाउँपालिकामा दरबन्दि रहि काज सरुवा भई गएका बरिष्ठ लेखा अधिकृत श्री शुसिल शर्मा र बरिष्ठ कृषि अधिकृत श्री सरोज कुँबरको काज फिर्ता गरि कार्यालयमा हाजिरी हुन निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं १३ प्रस्ताव नं १३ मा छलफल गर्दा सिंजा गाउँपिकामा तपशिल बमोजिमका आयोजनामा प्रयोग गरिएका डोजर र टयाक्टर रकम प्राबिधिक प्रतिबेदनका आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं | वडा | आयोजनाको नाम |
|---|---|---|
| १ | वडा नं १ | मोहोरा चौर देखि मालिका मा.बि.को ढोका सम्म |
| २ | वडा नं २ | रनुखाना खोला पन्छाएको,अगस्तीबाडा खेलकुद मैदान |
| ३ | वडा नं ३ | महादुबाडा सिंचाई कुलो |
| ४ | वडा नं ३ | धितालिलिही देखि चाँफेरा सम्म सडक ग्राबेल |

प्रस्ताव नं १४ प्रस्ताव नं १४ माथि ब्यापक छलफल गर्दा यस सिंजा गाउँपालिकामा सञ्चालनमा रहेको डोजर चालक र सह चालकको पारिश्रमिक ब्याबस्थापन गर्नकालागि अतिरिक्त समयमा काम गरेको समयकालागि भत्ता ब्यबस्थापन गर्न कार्यबिधि निर्माण गरि उपयुक्त भत्ता ब्यबस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं १५ प्रस्ताव नं १५ माथि छलफल गर्दा यस गाउँ पालिका र टिकापुर नगरपालिका बिच भगिनि सम्बन्ध स्थापना गर्ने साथै सिंजा गाँउपालिका द्वारा सञ्चालित बाल गृह तथा स्याहार केन्द्रको प्राबिधिक लागतका आधारमा सौचालयको खाडल निर्माणकालागि आबश्यक बजेट बनियोजन गरि रकम भुक्तानि गर्ने ,वडा नं २ को गाउँघर क्लिनिक लागत अनुमानका आधारमा नर्माण भई सकेकाले प्राबिधिक प्रतिबेदानका आधारमा बजेट ब्याबस्थापन गरि भुक्तानी गर्ने साथै सिंजा गा.पा.वडा नं ४ तालाचौर देखि बाँओ जाने सडक सम्म जाने सडक मर्मतकालागी बजेट २लाख ब्याबस्थापन गरि भुक्तानी गर्ने निर्णय गरियो।